# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, असार २६ गते, २०८२ साल (संख्या १८

## भाग ३

### नेपाल सरकार

### परराष्ट्र मन्त्रालयको

### सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर १३

### <u>अवैतनिक वाणिज्यदूत सम्बन्धी (छैटौं संशोधन) नियमावली, २०८२</u>

अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "अवैतनिक वाणिज्यदूत सम्बन्धी (छैटौं संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **<u>अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ को नियम २ मा संशोधनः</u>** अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "अनररी कन्सल" भन्नाले कुनै किसिमको पारिश्रमिक नपाउने गरी नियुक्ति हुने अनररी कन्सल जनरल वा अनररी कन्सल सम्झनु पर्छ।"

**३.** **<u>मूल नियमावलीको नियम ३ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः-

"३. **<u>अनररी कन्सलको नियुक्ति र कार्यक्षेत्रः</u>** (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले नियम ३क. को उपनियम (१) बमोजिमको योग्यता पुगेको व्यक्तिलाई निश्चित कन्सुलर क्षेत्र तोकी अनररी कन्सल नियुक्ति गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनररी कन्सल नियुक्तिको लागि सम्बन्धित राजदूतको सिफारिसमा मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सम्बन्धित राजदूतको सिफारिसमा मन्त्रालयले अनररी कन्सलको कन्सुलर क्षेत्र थपघट गर्न सक्नेछ।"

**४. <u>मूल नियमावलीको नियम ३क. मा संशोधनः</u>** मूल नियमावलीको नियम ३क. को उपनियम (१) को,-

(१) खण्ड (ङ) र (झ) को सट्टा देहायका खण्ड (ङ) र (झ) राखिएका छन्:-

"(ङ) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरेको वा कुनै मुलुकको तर्फबाट अनररी कन्सलको रुपमा कम्तीमा एक कार्यावधि काम गरेको,

(झ) सम्बन्धित कन्सुलर क्षेत्रमा कम्तीमा दश वर्षदेखि स्थायी बसोबास गरेको, आफ्नै खर्चमा कार्यालय स्थापना र सञ्चालन गर्न सक्ने र नियम ७ बमोजिमको कार्यावधिभर सोही कन्सुलर क्षेत्रमा रहने स्वःघोषणा गरेको,"

(२) खण्ड (ञ) झिकिएको छ ।

(३) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :-

"(ट१) अङ्ग्रेजी भाषा र कन्सुलर क्षेत्रको स्थानीय भाषाको राम्रो ज्ञान भएको,"

**५. <u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः-

"**४. <u>अयोग्यताः</u>** (१) आतिथेय राज्यको नागरिक बाहेक अन्य मुलुकको नागरिकलाई अनररी कन्सल नियुक्त गरिने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सम्बन्धित कन्सुलर क्षेत्रमा ख्यातिप्राप्त देहायको कुनै व्यक्तिलाई अनररी कन्सल नियुक्त गर्न बाधा पर्ने छैनः-

(क) नेपालसँग दौत्य सम्बन्ध कायम भएको मुलुकको नागरिकमध्ये कुनै मुलुकको अनररी कन्सलको रुपमा काम गरिसकेको व्यक्ति,

(ख) नेपाली मूलको विदेशी नागरिक,

(ग) कम्तीमा दस वर्षदेखि कन्सुलर क्षेत्रमा स्थायी बसोबास गरेको गैर आवासीय नेपाली।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिलाई अनररी कन्सल नियुक्त गर्न सकिने छैनः-

(क) नेपाल सरकारविरुद्ध मुद्दा दर्ता गरेको,

(ख) शरणार्थी सम्बन्धी प्रक्रिया मार्फत सम्बन्धित देशको नागरिकता वा बसोबास अनुमतिपत्र प्राप्त गरेको,

(ग) नेपाल सरकारको नीति विपरीत वा नेपाली नागरिक वा विदेशमा रहेका नेपाली समुदायको एकता, सहिष्णुता वा सद्भावको प्रतिकूल हुने कुनै काम गरेको,

(घ) कुनै मुलुकको अदालतबाट भ्रष्टाचार, नैतिक पतन देखिने फौजदारी अपराध



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा कसुरदार ठहरिएको।"

६. **मूल नियमावलीको नियम ७ मा संशोधन:** मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः-

"७. **कार्यावधि र पद रिक्त हुने अवस्था:** (१) अनररी कन्सलको कार्यावधि चार वर्षको हुनेछ।

(२) उपनियम (१) बमोजिमको कार्यावधि समाप्त भएपछि थप अवधि अनररी कन्सलको रूपमा काम गर्न चाहने अनररी कन्सलले त्यस्तो कार्यावधि समाप्त हुनु भन्दा कम्तीमा तीन महिना अघि आफूले सम्पादन गरेका प्रमुख कार्यको विवरण संलग्न गरी सम्बन्धित राजदूत समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन समेतको आधारमा मूल्याङ्कन गर्दा सम्बन्धित अनररी कन्सलले उत्कृष्ट कार्य सम्पादन गरेको देखिएमा सम्बन्धित राजदूतले त्यस्तो अनररी कन्सलको कार्यावधि थप गर्न मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको सिफारिसका सम्बन्धमा जाँचबुझ गर्दा अनररी कन्सलको कार्यावधि थप गर्न उपयुक्त देखिएमा उपनियम (१) को अधीनमा रही आवश्यकता अनुसार नेपाल सरकार, मन्त्रिपरिषद्ले थप गर्न सक्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनररी कन्सलको कार्य सम्पादनको स्तर सन्तोषजनक नदेखिएमा वा निजले नेपाल राज्य वा नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकार विरुद्ध हुने गरी कुनै टिप्पणी गरेमा वा प्रतिक्रिया दिएमा सम्बन्धित राजदूतले त्यस्तो अनररी कन्सललाई पदबाट हटाउनको लागि जुनसुकै बखत मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिमको सिफारिसको सम्बन्धमा जाँचबुझ गर्दा अनररी कन्सललाई पदबाट हटाउन उपयुक्त देखिएमा मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद्मा सो सम्बन्धी प्रस्ताव पेश गर्नेछ।

(८) नेपाल सरकार, मन्त्रिपरिषद्ले अनररी कन्सललाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(९) देहायको अवस्थामा अनररी कन्सलको पद स्वतः रिक्त हुनेछ :-

(क) झुट्टा वा गलत विवरण पेस गरी अनररी कन्सल नियुक्त भएको पुष्टि भएमा,

(ख) आतिथेय राज्यले निजका विरूद्ध अदालतमा कुनै फौजदारी मुद्दा दर्ता गरेको पुष्टि भएमा,

(ग) नियम ४ बमोजिमको कुनै अयोग्यता रहेको पुष्टि भएमा,

(घ) निजले आफ्नो पदबाट सम्बन्धित राजदूत समक्ष राजीनामा दिएमा,

(ङ) निजको मृत्यु भएमा।

(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनररी कन्सुलेट अवस्थित शहरमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकारले आवासीय कूटनीतिक नियोग स्थापना गरेमा उक्त शहरमा रहेको अनररी कन्सल स्वतः पदमुक्त हुनेछ।"

**७. <u>मूल नियमावलीको नियम १० मा संशोधनः</u>** मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) अनररी कन्सलको काम, कर्तव्य र जिम्मेवारी महासन्धिको प्रथम अध्यायको प्रथम खण्डको धारा ५ र मन्त्रालयले तोकिदिएको कार्यक्षेत्रगत सर्त (टर्म्स अफ रिफरेन्स) बमोजिम हुनेछ।"

(२) उपनियम (१क) को,-

(क) खण्ड (ङ) पछि देहायका खण्ड (ङ१), (ङ२) र (ङ३) थपिएका छन्:-

"(ङ१) राजदूतसँगको समन्वयमा नेपाली वस्तु वा सेवाको निकासी लगायतका नेपालको आर्थिक हित प्रवर्धनका कार्य गर्ने,

(ङ२) राजदूतले लिखित रुपमा तोके बमोजिमका कन्सुलर कार्य गर्ने र सो सम्बन्धमा राजदूतलाई सहयोग गर्ने,

(ङ३) कन्सुलर क्षेत्रका नेपाली समुदायसँग समन्वय गरी नेपालको हित प्रवर्धनका कार्य गर्ने,"

(३) उपनियम (७क) पछि देहायको उपनियम (७ख) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७ख) उपनियम (७) बमोजिम प्राप्त हुने सेवा शुल्कको आम्दानी र खर्चको मासिक विवरण अनररी कन्सलले उपनियम (६) बमोजिमको फाँटवारीको साथमा संलग्न गरी राजदूतलाई पठाउनु पर्नेछ।"

८. **<u>मूल नियमावलीको नियम ११ मा संशोधनः</u>** मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (१) मा रहेका "नेपाल सरकारमा" भन्ने शव्हरूको सट्टा "मन्त्रालयमा" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) आफ्नो कार्यावधिमा उत्कृष्ट कार्यसम्पादन गर्ने अनररी कन्सललाई मन्त्रालयको स्वीकृतिमा राजदूतले प्रशंसापत्र दिन सक्नेछ।"

९. **<u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u>** मूल नियमावलीको नियम १२ को,-

(१) उपनियम (२) को खण्ड (छ) पछि देहायका खण्ड (ज) र (झ) थपिएका छन्ः-

"(ज) अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको,

(झ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा वा अन्य सुविधा पाउने लाभको पद धारण नगरेको।"

(२) उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७) उपनियम (३) बमोजिम स्वीकृति दिँदा नेपाल र सम्बन्धित मित्रराष्ट्रबिचको द्विपक्षीय पर्यटन, वैदेशिक लगानी, व्यापार व्यवसाय तथा कन्सुलर हित प्रवर्धनको सम्भाव्यता, नेपालमा बसोबास गर्ने सम्बन्धित मित्रराष्ट्रका नागरिकको सङ्ख्या तथा नेपाल र सम्बन्धित मित्रराष्ट्रबिचको सम्बन्ध सुदृढ गर्ने सम्भावनालाई आधार लिनु पर्नेछ।"

**१०. <u>मूल नियमावलीको नियम १३ मा संशोधन</u>:** मूल नियमावलीको नियम १३ को,-

(१) उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यस्तो सुविधा, सहुलियत र उन्मुक्ति अनररी कन्सलको परिवारका सदस्य वा निजको कार्यालयमा कार्यरत कर्मचारीलाई प्रदान गरिने छैन।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) अनररी कन्सलले आफूले प्रतिनिधित्व गरेको मित्रराष्ट्रसँग सम्बन्धित औपचारिक कार्यक्रममा भाग लिँदा मात्र निजले प्रयोग गर्ने सवारी साधनमा सम्बन्धित देशको झण्डाको प्रयोग गर्न सक्नेछ।"

**११. <u>मूल नियमावलीको नियम १४ मा संशोधन</u>:** मूल नियमावलीको नियम १४ को उपनियम (२) मा रहेका "बढीमा तीन वर्षको लागि पदावधि थप गर्न" भन्ने शब्दहरुको सट्टा "त्यस्तो पत्रमा कार्यावधि तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा बढीमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चार वर्षको लागि पदावधि थप गर्न" भन्ने शब्दहरु राखिएका छन्।

१२. **<u>रूपान्तर</u>:** मूल नियमावलीको नियम १६ बाहेक नाम, संक्षिप्त नाम र ठाउँ ठाउँमा रहेका "अवैतनिक वाणिज्यदूत" र "वाणिज्यदूत" भन्ने शब्दहरूको सट्टा "अनररी कन्सल" भन्ने शब्दहरु राखी रूपान्तर गरिएको छ।

**आज्ञाले,**
**अमृतबहादुर राई**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।